**घिरिङ गाउँपालिकाको १४ औँ गाउँसभामा गाउँपालिका उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री राधादेवि अधिकारीले पेश गर्नुभएको आ.व. २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम**

**गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सचिव तथा सम्पूर्ण सदस्यहरू,**
**सबै कर्मचारीहरू,**
**सञ्चारकर्मी तथा पत्रकारहरू,**

घिरिङ गाउँपालिकाको उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आ.व. २०८०/०८१ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले अत्यन्तै गौरवको महसुस गरेको छु। यस अवरसमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय हित, संघीय लोकतान्त्रिक गणतन्त्र, समानता, समावेशिता, सामाजिक न्याय सहितको शासन व्यवस्था स्थापनाको लागि दश वर्षे जनयुद्ध लगायत विभिन्न कालखण्डमा भएका आन्दोलनमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाईते योद्धा तथा बेपत्ता नागरिकहरूप्रति उच्च सम्मान तथा सहानुभुति प्रकृत गर्दछु।

आवधिक निर्वाचन अन्तर्गत २०७९ बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट यस क्षेत्रका नागरिकहरूको अमुल्य मतद्वारा निर्वाचित जनप्रतिनिधिको नाताले जनअपेक्षा अनुरूपको शासन सञ्चालन र समग्र घिरिङ गाउँपालिकाको विकासका लागि माग र आवश्यकताको आधारमा बजेट तर्जुमा गर्ने कोशिस गरेको छु।

योजनाबद्ध र दीगो पूर्वाधारको विकास गर्दै आर्थिक सामाजिक रूपान्तरण सहितको स्वास्थ्य, सभ्य र सु-संस्कृत समाजको निर्माण गर्नु यस बजेटको लक्ष्य रहेको छ। संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधार निर्माण गर्नु आजको आवश्यकता हो। त्यसका लागि गरिब, विपन्न, विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिंग र समुदाय लगायत सबै नागरिकहरूको विकास एवं संमृद्धिको आकांक्षा सम्बोधन गर्नका लागि बजेट केन्द्रित गरेको छु।

संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, दिगो विकासको लक्ष्यहरू, राजनीतिक दलका प्रतिवद्धताहरू, स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल सरकार र प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा मार्गदर्शन, संघीय सरकारको योजना, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरू र सो बाट सृजित दायित्व, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, राजश्व परामर्श समिति, सम्पूर्ण गाउँसभा सदस्यहरू, राजनीतिक दल, विषयगत शाखा, निजी क्षेत्र, संचारकर्मी र नागरिक समाजबाट प्राप्त राय सुभावहरूलाई समेटेर यो बजेट तर्जुमा गरिएको छ।

बजेटका थप उद्देश्य र प्राथमिकताहरूमा रोजगारमूलक योजना तथा कार्यक्रम कार्यान्वयन गरी गाउँपालिकामा नै रोजगारीको अवसर सिर्जना गर्ने, गाउँपालिका तथा वडा कार्यालय व्यवस्थापन, जनशक्ति र स्रोत साधनको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्तदुरूस्त बनाई सुशासनको प्रत्याभुती गराउने, वातावरणमैत्री, बालमैत्री स्थानीय शासन पद्धती कार्यान्वयनमा ल्याउने, ऐतिहासिक, धार्मिक पर्यटकीय स्थलहरूको पहिचान, संरक्षण र संवर्द्धनमा जोड दिने, यस गाउँपालिकाको सामाजिक, भौतिक र आर्थिक विकासको लागि योजनाबद्ध विकास अभियानहरू कार्यान्वयन गर्ने विभिन्न सरकारी, गैरसरकारी तथा दातृ निकायहरूसँग समन्वय र सहकार्य गर्ने रहेका छन्।

सीमित श्रोत साधनबाट गाउँवासीहरूका असिमित आवश्यकता एकैपटक पुरा गर्न नसकिने हुँदा, यस बजेटमा छिटो सम्पन्न हुने, बढि प्रतिफल दिने, विभिन्न खालको रोजगारी सृजना हुने, बढि जनसहभागिता जुटाउन सकिने खालका योजनाहरूलाई बढी प्राथमिकता दिएको छु।

**गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सचिव तथा सम्पूर्ण सदस्यहरू,**

**१. अब म चालु आ.व.का मुख्य परिसुचकहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- चालु आ.व. २०७९/०८० को शिर्षक आवधिक आय संकलन मिति २०८०/०३/०८ गते सम्मा विवरण रकम रू ५८,६४,२५४/- (**५८ लाख ६४ हजार २ सय ५४**)

- चालु आ.व. २०७९/०८० को क्षेत्रगत बजेट तथा खर्च यस प्रकार रहेको छ।
  १) **आर्थिक विकासतर्फ खर्च** भएको रकम रू १,९४,१०,६९७/- (**१ करोड ९४ लाख १० हजार ६ सय ९७**) अर्थात ३२.३६ प्रतिशत
  २) **सामाजिक विकासतर्फ खर्च** भएको रकम रू १६,६२,६६,८८७/- **(१६ करोड ६२ लाख ६६ हजार ८ सय ८७)** अर्थात ७२.३४ प्रतिशत
  ३) **पुर्वाधार विकासतर्फ खर्च** भएको रकम रू ५,८९,८४,५२३/- **(५ करोड ८९ लाख ८४ हजार ५ सय २३)** अर्थात ४३ प्रतिशत
  ४) **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ खर्च** ३१,२६,४८०/- (**३१ लाख २६ हजार ४ सय ८०**) अर्थात २४.२४ प्रतिशत
  ५) **कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ खर्च** ७,५४,५२,१८७/- (**७ करोड ५४ लाख ५२ हजार १ सय ८७**) अर्थात ८७.४८

**चालु तर्फ - २०,८५,८२,९१०/- (२० करोड ८५ लाख ८२ हजार ९ सय १०) अर्थात ८१.१५ प्रतिशत**
**पुँजीगत तर्फ - ११,४६,५७,८६५/- (११ करोड ४६ लाख ५७ हजार ८ सय ६५) अर्थात ४२.६८ प्रतिशत**
**कुल जम्मा ३२,३२,४०,७७६/- (३२ करोड ३२ लाख ४० हजार ७ सय ७६) अर्थात ६१.४३ प्रतिशत खर्च भएको**

- गाउँपालिकाबाट आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार सम्झौता भएका कूल २९९ योजनाहरू मध्ये २१० योजनाहरूको काम सम्पन्न गरी भुक्तानी दिइसकिएको छ भने ८९ वटा योजनाहरू सम्झौता भई कार्यान्वयनको चरणमा रहेका छन्।
- विषयगत शाखाहरू स्वास्थ्य शाखा, कृषि विकास शाखा, पशुपंक्षी विकास शाखा, शिक्षा शाखाको आन्तरिक स्रोतबाट विनियोजन गरेका ७४ प्रतिशत कार्यक्रमहरू सम्पन्न भएका छन भने अन्य बाँकी कार्यक्रमहरू सम्पन्न हुने अवस्थामा छन्।
- संघीय सरकार, प्रदेश सरकार र दातृ निकायबाट अनुदान प्राप्त कार्यक्रम तथा भौतिक पूर्वाधारका सम्पूर्ण कार्यक्रमहरू सम्पन्न हुने चरणमा रहेका छन।
- १५ सैयाको अस्पतालको डि.पि.आर. भई जमिन सम्याउने कार्य भइरहेको छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम सबै वडाहरूमा सञ्चालन भई लक्षित वेरोजगार नागरिकहरूले रोजगारी प्राप्त गरेका छन्।
- गाउँपालिकामा आवश्यक ठूला मुख्य योजनाहरू (सडक, खानेपानी, भवन) योजनाहरूको डि.पि.आर. तयार गरिएको छ।
- गाउँपालिकामा वहुक्षेत्रिय पोषण कार्यक्रम, विद्यालयमा निशुल्क स्यानिटरी प्याड वितरण, छात्रवृत्ति, दिवा खाजा लगायतका कार्यक्रमहरू संचालन भईरहेका छन्।
- गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन भई स्थानीय स्रोत साधनको प्रयोग गरी रोजगारी र आम्दानी बढाउनका लागि विभिन्न सिपमुलक कार्यक्रम संचालन भएको छ।

**गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सचिव तथा सम्पूर्ण सदस्यहरू,**

**२. अब म आ.व. २०८०/०८१ को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु।**

- आगामि आर्थिक वर्षका नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्नका लागि ४३,७८,८९,९००/- (**४३ करोड ७८ लाख ८९ हजार ९ सय**) रूपैयाँ विनियोजन गरेको छु। कुल विनियोजन रकम मध्ये चालुतर्फ रू ८,१५,००,०००/- (**८ करोड १५ लाख**) रहेको छ।
- कुल अनुमानित बजेटको स्रोत मध्ये
  संघीय वित्तिय समानीकरण अनुदानबाट रू ८,३९,००,०००/- (**८ करोड ३९ लाख**)
  संघीय राजश्व वाँडफाँडबाट रू ८,१४,१६,९००/- (**८ करोड १४ लाख १६ हजार ९सय**)

संघीय शसर्त अनुदानबाट रू १६,४९,००,०००/- (**१६ करोड ४९ लाख**)

संघीय विशेष अनुदानबाट रू ७५,००,०००/- (**७५ लाख**)

संघीय समपुरक अनुदानबाट रू १,८५,००,०००/- (**१ करोड ८५ लाख**)

प्राप्त हुने अनुमान गरेको छु । त्यसैगरी

प्रदेश सरकार वित्तिय समानीकरणबाट रू १,०५,६१,०००/- (**१ करोड ५ लाख ६१ हजार**)

प्रदेश सर्शत अनुदानबाट रू ४०,००,०००/- (**४० लाख**)

प्रदेश विशेष अनुदानबाट रू ४०,००,०००/- (**४० लाख**)

प्रदेश समपुरक अनुदानबाट रू ६०,००,०००/- (**६० लाख**)

प्रदेश राजशव बाँडफाँडबाट रू ६०,८९,०००/- (**६० लाख ८९ हजार**)

आन्तरीक श्रोतबाट रू १,५०,००,०००/- (**१ करोड**) र अल्याबाट ३,६०,२३,०००/- (**३ करोड ६० लाख २३ हजार**) गरी आगामी आ.व. मा जम्म आय रू ४३,७८,८९,९००/- (**४३ करोड ७८ लाख ८९ हजार ९ सय**) रूपैँया रहने अनुमान गरेको छु ।

**३. बजेटका विषयगत क्षेत्रहरू:**

**क) आर्थिक विकास:**

यस क्षेत्र अन्तर्गत कृषिको व्यवसायीकरण, आधुनिकीकरण, अनुदान तथा कृषक तालिम लगायत क्षेत्रहरूको निमित्त ९१,५०,०००/- (**९१ लाख ५० हजार**) विनियोजन गरिएको छ ।

**ख) सामाजिक विकास:**

स्वास्थ्य तथा आयुर्वेद, शिक्षा, युवा, खेलकुद तथा रोजगारी, खानेपानी, सरसफाई र बजार अनुगमन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम छनौटगरी यस क्षेत्रमा कूल रू २,६३,७३,०००/- (**२ करोड ६३ लाख ७३ हजार**) रूपैया विनियोजन गरिएको छ ।

**ग) पूर्वाधार विकास:**

भवन तथा सहरी विकास, सिँचाई, सडक तथा अन्य पूर्वाधार विकास र उर्जा समेत गरि कुल रकम रू १४,७०,६६,९००/- (**१४ करोड ७० लाख ६६ हजार ९ सय**) विनियोजन गरिएको छ ।

**घ) सुशासन तथा संस्थागत विकास:**

सेवा प्रवाह, न्याय, शान्ति सुरक्षा, सार्वजनिक सम्पत्ति संरक्षण, सूचना तथा सञ्चार गरि यस क्षेत्रमा कूल रकम रू ८९,००,०००/- (**८९ लाख**) विनियोजन गरिएको छ ।

**ङ) कार्यालय सञ्चालन तथा प्रशासनीक:**

कार्यालय सञ्चालन तथा प्रशासनीयक खर्चमा जनप्रतिनिध र कर्मचारीको तलब भत्ता, कार्यालल सामाग्री र माथि नतोकिएका योजना र अन्य कार्यक्रमहरूमा कूल रकम रू २४,६४,००,०००/- (**२४ करोड ६४ लाख**) विनियोजन गरिएको छ ।

**४. बजेटका प्राथमिकताहरू:**

- एकिकृत कृषी विकास कार्यक्रमका माध्यमबाट तरकारी खेती, पशुपंक्षीपालन, दुग्ध उत्पादन र फलफुल खेतीलाई पूर्ण व्यवसायिकरण गरि उत्पादनमा आधारित अनुदान तथा लागत साझेदारी कार्यक्रम संचालन गर्ने ।
- उज्यालो घिरिङ अभियानलाई सार्थक तुल्याउन ग्रामिण विद्युतिकरणका कार्यहरू सम्पन्न गर्ने ।
- गरीवी निवारण, रोजगारमुलक र स्थानीय कच्चा पदार्थको परिचालन हुने घरेलु उद्योग कार्यक्रमहरूको प्रवर्द्धन गरी रोजगारी बढाउने ।
- जलस्रोत, स्वच्छ खानेपानीको पहुँच, सडक स्तरोन्नती र सिचाई सुविधाको विस्तार गर्ने ।
- विद्यालयको भौतिक पूर्वाधार, खानेपानी, शौचालय, घेराबार, पुस्तकालय, प्रविधि मैत्री वातावरण सुधार गर्न आई.सि.टी. ल्याव स्थापना, विद्यालयमा खेलमैदान निर्माण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमलाई जोड दिने ।

- महिलाहरूको आर्थिक सशक्तिकरण, अपांगता, एकल महिला, ज्येष्ठ नागरिक, दलित, जनजाती, खस आर्थ अल्पसंख्यक वर्गको लागि उपाध्यक्षसँग आमा दिदिवहिनी कार्यक्रमलाई निरन्तरता दिने।
- विनियोजन बजेटबाट आधारभुत भौतिक पूर्वाधारहरू साना खानेपानी, सिँचाई, सडक स्तरोन्नतीमा प्राथमिकता दिने।

**गाउँसभाका अध्यक्षज्यू,**
**गाउँसभाका सचिव तथा सम्पूर्ण सदस्यहरू,**

**५. अब म आर्थिक वर्ष २०८०/०८१ को आन्तरिक राजश्व परिचालन नीतिका उद्देश्यहरू प्रस्तुत गर्दछु।**

- नागरिकहरूलाई रहरले कर तिर्ने वातावरण सृजना गराउनु प्रमुख आवश्यकता भएकोले लाभग्राहीको घरआँगनबाटै राजश्व संकलन प्रणाली लागू गर्ने।
- सबै प्रकारका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा समेटी अधिकतम राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गर्ने।
- आन्तरिक राजश्व परिचालनमा दिगो वृद्धिदर हासिल गरी स्थानीय वित्तीय प्रणालीलाई सुदृढ तुल्याउने गरी राजश्व प्रणालीमा सुधार गर्ने।
- स्वच्छ एवं पारदर्शी कर प्रणाली अवलम्बन गर्दै राजश्व प्रणालीलाई समन्यायिक एवं लागानीमैत्री बनाउने।
- आन्तरिक राजश्वका थप स्रोतहरू पहिचान गरी मौजुदा आन्तरिक करका दायराहरू लाई फराकिलो बनाउने।
- कृषि लगायत अन्य क्षेत्रको उत्पादन र उत्पादकत्व बढाई निर्यात प्रवर्द्धन गर्ने।
- सार्वजनिक जग्गामा वसोवास गरेका व्यक्तिहरूलाई वहाल विटौरी करको दायरामा ल्याउने।

**६. माथि उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि देहायबमोजिमका नीतिहरू अवलम्बन गरिनेछ।**

- करको दर निर्धारण गर्ने तर कर संकलन कार्यमा उदासिनता देखाउने विगतको परम्परालाई बदल्दै कर संकलन सहजकर्ताको माध्यमबाट आम नागरिकबाट सहज वातावरणमा राजश्व संकलन गर्ने कार्य अगाडि बढाईनेछ।
- करको दरलाई भन्दा दायरा विस्तारलाई प्राथमिकता दिईनेछ।
- कर प्रणालीमा प्रक्रियागत सरलीकरणका लागि प्रशासनिक, कानूनी तथा प्राविधिक विषयहरूमा एकरूपता र स्पष्टता हुने गरी सुधारको प्रस्ताव तयार गरी लागु गरिनेछ।
- चोरी निकासी/पैठारी र अवैध व्यापार रोकथामका लागि विशेष रणनीति अवलम्बन गरिनेछ।
- करदाता तथा आम नागरिकका लागि सुचनामूलक एवं सचेतना अभिवृद्धि सम्बन्धी शिक्षा तथा कार्यक्रमहरूलाई निरन्तर रूपमा सञ्चालन गरिनेछ।

**अन्त्यमा,**

प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरू, गाउँपालिकाका विभिन्न शाखाहरू, गाउँसभाका सदस्यहरू तथा आ- आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण कर्मचारी, बुद्धिजीवि वर्ग, नागरिक समाज तथा सामुदायिक संघसंस्थालाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। बजेट तथा कार्यक्रम कार्यान्वयनमा गाउँसभाका सदस्यहरू, कर्मचारी संयन्त्र, नागरिक समाज, सञ्चार माध्यम तथा सम्बद्ध सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सहयोगको अपेक्षा गर्दै समृद्ध र सुशासनयुक्त घिरिङ गाउँपालिका निर्माणमा सबैको आ- आफ्नो क्षेत्रबाट योगदान हुने आशा र विश्वास व्यक्त गर्दछु।

**धन्यवाद।**